# पाल्पा जिल्ला अदालत

## तानसेन पाल्पा

## सिलवन्दी वोलपत्र आव्हान सम्वन्धी सूचना

**सूचना नं- २/२०७३/७४**

प्रथम पटक प्रकाशित मिति: २०७४/०१/१९

यस अदालतको सुरक्षाकर्मी वस्ने व्यारेक भवन निर्माण कार्य सिलवन्दी वोलपत्रको माध्यामद्धारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट ईजाजत प्राप्त ईच्छुक नेपाली निर्माण व्यवसायीहरूवाट निम्न शर्तको अधीनमा रही रीतपूर्बक सिलवन्दी वोलपत्र आव्हान गरिएको छ ।

१. वोलपत्र फारम यस अदालतवाट सूचना प्रकाशित भएको मितिले ३० (तीस) दिन भित्र प्रोपराइटर वा निजको अधिकृत प्रतिनिधिबाट तपसिलमा उल्लेखित दस्तुर तिरी (पछि फिर्ता नहुने गरी) फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र, व्यवसाय दर्ताको इजाजतपत्रको प्रतिलिपी, आ.ब. २०७२/७३ सम्मको करचुक्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि र स्थायी लेखा दर्ता नंवरको प्रतिलिपिको साथमा खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नवाभिएको र सम्वन्धित व्यवसाय सम्वन्धी कसूरमा आंफूले सजाय नपाएको भनी लिखित रूपमा गरेको घोषणा सहित निवेदन पेश गरी कार्यालय समय भित्र खरिद गर्न सकिनेछ ।

२. खरिद गरिएका वोलपत्र फारम नियमानुसार भरी, प्रत्येक पानामा सहिछाप गरी सूचना प्रकाशित भएको मितिले ३१ (एकतीस) औं दिन दिनको १२.०० बजेभित्र यस अदालतमा सिलवन्दी रूपमा दाखिला गर्न सकिने छ । दाखिला हुन आएका वोलपत्रहरू सोही दिनको २.०० बजे यस अदालतमा उपस्थित वोलपत्रदाता वा निजका प्रतिनिधिहरू र कार्यालयका प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ । वोलपत्रदाता वा निजका प्रतिनिधिहरू उपस्थित नभएतापनि सिलवन्दी वोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३. वोलपत्र फारम खरिद वा दाखिला गर्ने अन्तिम दिन बिदा पर्न गएमा अदालत खुले लगत्तै सोही निर्धारीत समयमा खरीद गर्न वा बुझाउन सकिने छ ।

४. सिलवन्दी वोलपत्र फारम राखि पेश गरिएको खामको बाहिर पट्टी फर्मको नाम, कामको बिबरण, वोलपत्रदाताको नाम ठेगाना र मोवाईल नंवर स्पष्ट रूपमा लेखिएको हुनुपर्नेछ ।

५. वोलपत्र मान्य अवधि वोलपत्र दाखिला गर्ने अन्तिम मितिवाट ९०(नव्वे) दिनको हुनेछ र वोलपत्रकासाथ कोष तथा लेखा नियन्त्रक कार्यालय तानसेन, पाल्पामा रहेको धरौटी खाता नं ३०३०२०३००००० मा आफूले जमानत बापत जम्मा गरेको धरौटी रकमको सक्कलै बैंक भौचर वा कम्तीमा १२०(एक सय विस) दिन अवधि भएको नेपाल सरकारबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैकहरूबाट सो रकम वरावरको यस अदालतको नाममा जारी गरिएको जमानत (बिडबण्ड) पेश गर्नु पर्ने छ ।

६. वोलपत्र फाराममा दररेट उल्लेख गर्दा अकं र अक्षर दुबैमा स्पष्ट लेख्नुपर्नेछ । अकं र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिईनेछ ।

७. एउटा फर्मको नाममा खरिद गरिएको वोलपत्र अर्को फर्मको नाममा दाखिला गर्न पाईनेछैन ।

८. कार्यालयबाट उपलब्ध वोलपत्र फाराममा थपघट गरिएको, रीत नपुगेको, म्याद नाघी पेश हुन आएको तथा कुनै शर्त राखी पेश गरेको वोलपत्र उपर कुनै कारवाही गरिने छैन साथै वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अदालतमा सुरक्षित रहनेछ ।

९. सिलवन्दी वोलपत्र पेश गर्ने फर्मदाताहरूले निर्माणस्थलको निरीक्षण गर्न सक्नेछन र वोलपत्र पेश गर्ने वोलपत्रदाताले निर्माणस्थलको निरिक्षण गरेको मानिनेछ ।

१०. बोलपत्र सम्वन्धी छलफलको लागि मिति २०७४/०२/०४ गते दिनको १.०० वजे यस अदालतमा Pre-Bid Meeting राखिने छ । E-Submission को हकमा बोलपत्रदाताले E_Procurement मार्फत www.edudbc.gov.np मा गई Tender Download गरि बोलपत्र प्रस्ताव पेश तथा दाखिला गर्न सक्नेछन । सोको लागि बोलपत्र खरिद बापतको रकम यस पाल्पा जिल्ला अदालत तानसेनको खाता नं. क-१-१-००१ मा जम्मा गरेको वैंक भौचरको Scanned Copy (PDF फर्म्याटमा) Electronic Bid Files साथै पेश गर्नुपर्नेछ । E_Procurement द्वारा बोलपत्र पेश गर्ने बोलपत्रदाताले पेश गरेका कागजातहरूको सक्कल प्रति यस अदालतमा ३ दिन भित्र पेश गर्नुपर्नेछ । सक्कल प्रति पेश हुन नआएमा प्रचलित ऐन नियम वमोजिम कारवाही गरिनेछ ।

११. अन्य कुराको जानकारी आवश्यक भएमा यस अदालतमा कार्यालय समय भित्र फोन नं. ०७५-५२०११० मा सम्पर्क गर्न सकिनेछ ।

१२. यसमा उल्लेख नभएका कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३, तथा सार्वजजिक खरिद नियमावली २०६४ वमोजिम हुनेछ ।

| सि.नं | खरिद नं. | कामको बिबरण | ल.ई.रकम मु.अ.कर र कन्टेन्जेन्सी बाहेक | जमानत रकम | वोलपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०२/२०७३/०७४ | सुरक्षा व्यारेक भवन निर्माण कार्य | ६२,८१,०८८।९३ | १,८८,०००।० | ३०००।० |